दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३३५ | बुटवल | २०८१ मंसिर २७, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Dec. 12, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# पूर्व सूचनाविना साइनबोर्ड कर असुलेकोमा आपत्ति

**आर्थिक मन्दिका कारण व्यवसायी संकटमा परेको अवस्थामा राहत दिनुको साटो स्थानीय सरकारले करमाथि करको भार थोपरेर व्यवसायीहरूलाई विस्थापित हुन बाध्य बनाउन लागेको गुनासो छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल उप-महानगरले पूर्व सूचना बिना साइनबोर्डको कर अशुली गरेको भन्दै व्यवसायीले विरोध जनाएका छन् । ग्रिल तथा स्टिल व्यवसायी महासंघ नेपाल, लुम्बिनी प्रदेश समितिले साइन बोर्ड कर अव्यवहारिक भएको भन्दै खारेज गर्न समेत माग गरेको छ।

महासंघका केन्द्रीय उपाध्यक्ष समेत रहेका लुम्बिनी प्रदेश अध्यक्ष अशोक बर्माले सरोकारवाला व्यवसायीहरूसँग कुनै छलफल बिना पूर्व सूचना नदिई एकाएक साइनबोर्ड नाप्दै कर अशुली गर्नु ज्यादती भएको बताए । स्थानीय तहलाई चारथरिसहित प्रदेश र संघ समेत तीनै तहका सरकारलाई विभिन्न किसिमका कर तिर्दै आएका व्यवसायीहरूलाई आफ्नो पेसा व्यवसायसँग सम्बन्धित साइनबोर्ड आफ्नै पसलमा राख्दा समेत चर्को कर असुलेर आतंकित बनाएको बर्माले गुनासो गरे । व्यवसायीले स्थानीय तहलाई जग्गा कर, व्यवसाय कर, घर बहाल कर, फोहोर व्यवस्थापन कर तिर्दै आएका बर्माले बताए ।

कोरोना महामारीसँगै आर्थिक मन्दिका कारण मजदुरहरूलाई तलब खुवाउन समेत मुस्किल भइरहेका बेला करमाथि करको भारले व्यवसायी तथा स्वरोजगार मजदुर विस्थापित हुने अवस्था आएको भन्दै अध्यक्ष बर्माले केही समय दिएर साइनबोर्डको साइज फेरबदल गर्ने अवसर दिनुपर्ने माग गरे । कर उठाउने ठेक्का पाएको गणेश एण्ड सन्स कन्स्ट्रक्सन बुटवलका कर्मचारीले दादागिरी शैलीमा तीन दिनको अल्टिमेटम दिएर कर असुल्न खोजेको भन्दै बर्माले यस्तो ज्यादती तत्काल रोक्न माग गरे।

काठमाडौं महानगरपालिका बाहेक अन्य पालिकाले यस किसिमको कर नलगाएको भन्दै उनले यस क्षेत्रका व्यवसायिक संघ संस्थाहरूको भूमिका प्रति समेत असन्तुष्टि व्यक्त गरे । आफू खुशी चर्को कर लगाउने उप-महानगरपालिकाको निर्णय सच्याउन माग गर्दै उनले नभए अदालतको ढोका ढक्ढकाउन बाध्य हुने चेतावनी समेत दिए ।

'सार्वजनिक ठाउंमा बोर्ड राखेको अवस्थामा कर लिनु स्वभाविक मान्न सकिएला तर आफ्नो घर पसलमाथि बोर्ड राख्दा पनि कर असुल्नु व्यक्तिको सम्पत्तिको हकभोगको नैसर्गिक अधिकार हनन् र कर आतंक नै हो ।'-अध्यक्ष बर्माले भने । यो समस्याको विषयमा उप-महानगरले सरोकारवाला व्यवसायिक सबै संस्थासँग छलफलबाट निकास ननिकालेसम्म व्यवसायीले साइनबोर्ड कर नतिर्ने अध्यक्ष बर्माले बताए ।




महासंघका महासचिव रामप्रसाद पाण्डे, जिल्ला अध्यक्ष बुद्धिप्रसाद गुरूङलगायतले आर्थिक मन्दिका कारण व्यवसायी पलायन भइरहेको अवस्थामा राहत दिनुको साटो स्थानीय सरकारले करको भार थोपरेर व्यवसायीहरूलाई थप आतंकित बनाएको गुनासो गरे ।

उता बुटवल उप-महानगरपालिकाले भने निश्चित मापदण्डभन्दा ठूला साइनबोर्डमा कर लगाउने विषयमा पटक-पटक व्यवसायिक संघ संस्थाहरूसँग छलफल भएको दाबी गरेको छ । बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले कानुन बमोजिम उप-महानगरपालिकाले साइनबोर्डमा विज्ञापन कर लगाउने निर्णय गरेको भन्दै त्यस विषयमा यस क्षेत्रमा क्रियाशील व्यवसायिक संघ संस्थाहरूसँग पटक-पटक छलफल भएको दाबी गरे ।

विज्ञापन कर उठाउने अधिकार स्थानीय तहको भएको भन्दै प्रवक्ता रानाले पटक-पटक सार्वजनिक सूचना जारी गरी टेन्डरमार्फत् ठेक्का दिएको विषयलाई पूर्व सूचना बिना कर लगाइएको भन्न नमिल्ने बताए । साइनबोर्ड कर असुली रोक्न माग गर्दै बुटवलका विभिन्न दुई दर्जन व्यवसायिक संघसंस्थाले ज्ञापनपत्र बुझाए पनि उपमहानगर नेतृत्वले बेवास्ता गरेको व्यवसायीको गुनासो छ ।

होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष लेखनाथ भण्डारीले समेत बुटवल उप-महानगरपालिकाले कर आतंक मच्चाएर व्यवसायीलाई मारमा पारेको र बुटवलको व्यवसायिक वातावरण बिगारेको बताए । 'उप-महानगरलाई साइनबोर्ड कर स्थगित गर्न दुई दर्जन संस्थाले ज्ञापनपत्र बुझायौं, तर त्यहाँको नेतृत्वले व्यवसायीका पीरमर्का मनन् गरेर समस्या समाधानमा तत्पर हुनुको साटो पूर्वाग्रही रवैया देखायो,' भण्डारीले भने-'यो कर नरोके व्यवसायिक संस्थाहरु संयुक्त आन्दोलनमा जान बाध्य हुनेछन् ।'

## सकियो रविको बयान



पोखरा । सहकारी संस्थाहरूको बचत रकम अपचलन आरोपमा पक्राउ परेका रास्वपा सभापति रवि लामिछानेको बयान सकिएको छ । कात्तिक २ गते काठमाडौं वनस्थलीस्थित आफ्नै पार्टी कार्यालयबाट पक्राउ परेका रविलाई पोखरा पुऱ्याइएको थियो ।

त्यसपछि पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणबारे रविमाथि अनुसन्धान अघि बढाइएको थियो । उनले पाँच फरक जिल्लाका पाँच वटा सहकारी अपचलनबारे बयान दिएका छन् ।

अनुसन्धान सकिएकाले अब चाँडै डकुमेन्टेसन गरेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाउने जिल्ला प्रहरी कास्कीका एसपी श्यामबाबु ओलियाले बताए ।

रविविरुद्ध सुरुमा कास्की जिल्ला अदालतमा मुद्दा दायर हुनेछ । सरकारी वकिल हुँदै मुद्दा दायर भएपछि रविको बयान र त्यसपछि थुनछेक बहस हुनेछ । थुनछेक बहसपछि उनलाई साधारण तारेख वा धरौटीमा छाड्ने तथा पुर्पक्षका लागि कारागार चलान भन्ने आदेश आउनेछ ।

यदि उनी साधारण तारेख तथा धरौटीमा छुटेको अवस्थामा अन्य जिल्लाहरूमा पनि मुद्दा रहेकाले पुनः हिरासतमा रहने/नरहने भन्ने यकिन भइनसकेको महान्यायाधीवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालको तर्क छ ।

## दुर्गा प्रसाईंविरुद्ध साइबर क्राइम मुद्दा दर्ता



बुटवल । मेडिकल व्यवसायी दुर्गा प्रसाईंविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ विपरीतको कसुर गरेको आरोपमा मुद्दा दर्ता भएको छ ।

जिल्ला अदालत, काठमाडौंमा बुधबार प्रसाईंविरुद्ध मुद्दा दायर भएको हो । जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंका प्रमुख सन्देश श्रेष्ठका अनुसार साइबर ब्यूरोले पेश गरेको रायसहितको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिलले मुद्दा दर्ता गरेको हो ।

विद्युतीय कारोबार ऐन विपरीतको कसुरको मुद्दा अदालतसम्म पुगे पनि प्रसाईंमाथि आपराधिक विश्वासघात र संगठित अपराधको कसुरमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)बाट जाँच भइरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध गम्भीर आरोप लगाउँदै अभिव्यक्ति दिएपछि प्रसाईं ४ मंसिरमा भक्तपुरस्थित निवासबाट पक्राउ परेका थिए ।

उनले सामाजिक सञ्जालमार्फत् 'प्रमाण' भन्दै सार्वजनिक गरेको विवरण झुठो भएको खुलेपछि प्रहरीले नियन्त्रणमा लिएर विद्युतीय कारोबार ऐन, २०६३ विपरीतको कसुरमा अनुसन्धान थालेको थियो ।

अनुसन्धान चलिरहेका बेला भारतीय गुण्डा नाइके लरेन्स विश्नोईको नाममा व्यवसायीलाई धम्क्याउँदै असुली गरेको प्रकरण पनि सीआईबीसम्म पुगेको थियो । यसरी धम्की दिनेले प्रसाईंलाई सहयोग गर्न भन्न गरेका थिए ।

सीआईबीले भारतको आसामबाट धम्की दिने झापा चारआलीका ३६ वर्षीय नविन प्रधान भनिने हरिचन्द्र फुयाँललाई पक्राउ गरेपछि यसमा प्रसाईं पनि जोडिएका थिए ।

फुयाँलले प्रसाईको निर्देशनमा आफूले त्यसरी फोन गरेको बताएपछि प्रसाईंविरुद्ध अहिले आपराधिक विश्वासघात र संगठित अपराधको कसुरमा अनुसन्धान थालिएको थियो ।






## सम्पादकीय

# माटोको उर्वराशक्ति क्षयीकरण

मुलुकमा माटोको उर्वरा शक्ति बर्सेनी क्षयीकरण हुँदै गएको छ। यसले कृषि प्रणालीमा गम्भीर संकट आउने देखिएको छ। रासायनिक मलको अत्यधिक प्रयोग, पोटास तत्वमा निरन्तरको कमी आदि कारणले उर्वरा शक्ति घट्दै गएको तथ्याङ्क कृषि विभागले सार्वजनिक गरेको छ।

केही समयअघि ३० हजार नमूना परीक्षण गर्दा ४५ प्रतिशत माटो मात्रै तटस्थ प्रकृतिको पाइएको छ। नेपालमा खेतीयोग्य जमिन २९ लाख हेक्टर छ। कृषि विभागका अनुसार, खेतीयोग्य जमिनको ५५ प्रतिशत माटो अम्लीय प्रकृतिको छ। पाँच प्रतिशत क्षारीय र ४० प्रतिशत माटो मात्र तटस्थ प्रकृतिको पाइएको छ। उत्पादनका लागि तटस्थ माटो उपयुक्त हुन्छ। उत्पादनका लागि माटोको गुणस्तर उपयुक्त नभेटिनुले राम्रो संकेत गरेको छैन। माटोको गुणस्तर खस्कदा त्यसको असर समग्र कृषि क्षेत्रमा परेको छ। कृषि उत्पादन बढाउन पहिलो शर्त माटोको गुणस्तर हो। गुणस्तरीय माटोले मात्रै कृषि उत्पादन बढाउँछ। माटोको गुणस्तर खस्कनुको कारण मनपरी रासायनिक मलको प्रयोग हो।

विभागका अनुसार मुलुकमा खेती गरिने जमिनको ५६ प्रतिशतमा नाइट्रोजनको मात्रा न्यून छ। ३० प्रतिशतमा मध्यम र १४ प्रतिशतमा अधिक रहेको छ। फस्फोरस तत्व भने तुलनात्मक रूपमा राम्रो पाइएको छ। जसमा ४२ प्रतिशतमा न्यून, २८ प्रतिशतमा मध्यम र ३१ प्रतिशतमा अधिक रहेको छ। पोटास तत्वको मात्रा भने तीव्र गतिमा घटिरहेको छ। जसमध्ये ५० प्रतिशतमा न्यून, २६ प्रतिशत मध्यम र २४ प्रतिशतमा अधिक पाइएको छ। बालीबिरुवाका लागि आवश्यक हुने सूक्ष्म खाद्य तत्वहरू जिंक र बोरनको मात्रा पनि न्यून देखिएकाले कृषि विज्ञहरु निराश बनेका छन्।

माटो बिग्रियो भन्न थालेको धेरै वर्ष भयो, तर थप बिग्रिन नदिन पहल भएको छैन। थप बिग्रिनबाट जोगाउन ध्यान नदिनु भनेको कृषि क्षेत्रप्रतिको चरम वेबास्ता हो। मनपरी रासायनिक मलको प्रयोग हानिकारक छ भन्ने सन्देश मात्रै दिएर हुँदैन किसानलाई माटो बचाउन अनुदानमा प्रांगारिक मल दिने व्यवस्था गर्नुपर्छ। रासायनिक मल अनुदानमा उपलब्ध गराउने, तर प्रांगारिक मल उपलब्ध गराउन बेवास्ता भएको छ। प्रांगारिक खेती गर्नेलाई प्रोत्साहन गर्न अनुदानलगायतका कार्यक्रम ल्याउनुपर्छ।

माटोको उर्वराशक्ति कम हुँदै जाँदा खाद्य सुरक्षामा गम्भीर चुनौती देखा परेका छन्। अब माटोको उर्वराशक्ति बढाउन तहगत सरकारले काम गर्नुपर्छ। किसानलाई अनुदानमा रासायनिक मल होइन्, प्रांगारिक मल उपलब्ध गराउनुपर्छ। स्थानीय, प्रदेश र संघीय सरकारले कार्ययोजना बनाएर माटोको उर्वरा शक्ति जोगाउने कार्यक्रम सञ्चालन गर्न ढिलाइ गर्न हुन्न।

# बदलिँदै शासन शक्ति



गोपीनाथ मैनाली

*राज्य सञ्चालन गर्ने शक्ति कसरी दह्रिलो बनाउने भन्ने चिन्तामा राजनेताहरू हुनुपर्छ। ओहोदा, औपचारिकता र कानुनले मात्र शासन गर्ने शक्ति प्राप्त हुँदैन भन्ने बुझाइ कुशल नेतृत्वमा विकास भएको छ। सामाजिक वास्तविकतासँग चनाखो रहने, नागरिक सम्बन्धका सबै आयाम मजबुत बनाउने, नतिजामार्फत नागरिक विश्वास जित्ने र जवाफदेहिताको खरो परीक्षणमा पलपल परीक्षित हुने सामर्थ्यले मात्र शासन गर्ने शक्ति आर्जन हुन्छ।*

राज्यले नागरिकमाथि शासन गर्ने शक्ति आर्जन गर्ने परम्परागत तरिकाहरू बदलिएका छन्। परम्परागत राज्यले राजनीतिक स्रोत, प्रशासनिक संरचना, सैनिक संयन्त्र, स्रोत परिचालन, कूटनीति तथा नागरिक सुरक्षामार्फत् शासन गर्ने गर्थ्यो। राज्य नागरिकको हितरक्षक संस्था (गुठी) हो। आफ्नो हितरक्षा गर्न नागरिकले आफ्नो संस्था निर्माण गरेका हुन्। राज्य निर्माणपछि शासन प्रक्रियाका दुई पात्र राज्य जवाफदेहिता निर्वाह गर्ने (ड्युटी होल्डर) र नागरिक जवाफदेहिता माग गर्ने (राइट होल्डर) पक्ष बने। यस अर्थमा नागरिकका आवश्यकता र अपेक्षा पूरा गर्नु राज्यको पहिलो र अन्तिम दायित्व हो।

आधुनिक उदारवादी राज्यले राजनीतिक स्रोत परिचालन गरेर जनभावनालाई क्रियाशील पार्छ। लोकतन्त्र भन्नु नै राजनीतिक स्रोत परिचालन गर्ने विधि हो। नागरिक भावना र सामाजिक विविधताको संयोजन गर्न राजनीतिक संस्था क्रियाशील हुन्छन्। राजनीतिक स्रोत परिचालन गर्न परिवर्तनलाई नेतृत्व गर्ने, मानिसलाई नेतृत्व गर्ने, नतिजा उत्पादन गर्ने, समझदारी निर्माण गर्ने र राष्ट्रिय एकता अनि एकत्वको भावनामा सबै नागरिकलाई बाँध्न सक्ने सामर्थ्य नेतृत्वमा हुनुपर्छ। राजनीतिक प्रणालीबाट यी कुरा सिद्ध गर्न सक्ने क्षमता भएमा शासन प्रणालीले दरिलो शक्ति आर्जन गर्छ। शासकीय शक्ति ओहोदाले होइन, क्षमताले प्राप्त हुन्छ। त्यसैले लोकतान्त्रिक शासनमा क्षमताशील नेतृत्वको खोजी हुन्छ। क्षमता र निष्ठाका नेतृत्वले राजनीतिक प्रक्रियालाई व्यवस्थित गर्ने हुँदा राज्य सशक्तीकृत हुन्छ र राज्य प्रक्रियालाई सर्वसाधारणले अन्तरबोध गर्छन्। सामाजिक वास्तविकतालाई टिपेर राज्य प्रक्रियामा उन्नयन गर्ने काम जुन स्तरमा हुन्छ, राजनीतिक स्रोत त्यसैको सापेक्षमा परिचालित हुन्छ र राज्यले शासन गर्ने शक्ति आर्जन गर्छ।

प्रशासनिक संरचना राज्यको परम्परागत स्थायी शक्ति हो। प्रशासनिक संरचना निर्माण तथा उपयोग गरेर राज्य इच्छाको कार्यान्वयन गरिन्छ। प्रशासनिक विस्तार (पेनेट्रेसन) ले राज्य इच्छालाई संस्थागत गर्छ। सेवा र सुरक्षा दिने राज्यको लामो हात नै प्रशासन हो। आधुनिक राज्य प्रणालीमा प्रशासनको परम्परागत कार्यक्षेत्र र शैली परिवर्तन भएको छ। प्रशासनलाई जनविश्वास आर्जन गर्ने निष्पक्ष संयन्त्रका रूपमा उपयोग गरिन्छ। राज्यले प्रशासनमार्फत पुँजी, प्रविधि र नागरिक इच्छा संयोजन-प्रशोधन गरी आफूलाई मजबुत बनाउँछ। यो संयन्त्र राज्यशक्तिको जीवन्त रूप हो। प्रशासनिक संयन्त्रको गतिशीलताले राज्यले गति, प्रगति र ऊर्जा पाउँछ। यसलाई व्यावसायिक र स्वचालित बनाउन राज्य सञ्चालक सतत सक्रिय रहनुको विकल्प छैन।

सैनिक संयन्त्र राज्यले शक्ति आर्जन गर्ने परम्परादेखिको संयन्त्र हो। परम्परागत राज्यले सीमा र सार्वभौमिक अखण्डताको प्रतिरक्षा र राज्यविस्तारका लागि यसलाई प्रयोग गर्थ्यो। यस शक्तिका भरमा मात्र शासन चल्न सक्दैन भन्ने वंशीय निरंकुश र निर्वाचित निरंकुश शासकले बुझेका छन्। नागरिक सर्वोच्चतामा मात्र सैनिक शक्तिको अर्थवत्ता देखिन्छ भन्ने हालै दक्षिण कोरियामा र केहीअघि बंगलादेश, श्रीलंकामा सिद्ध भयो। पाकिस्तान, म्यानमार, उत्तर कोरियामा पनि ढिलोचाँडो यस तथ्यको पुष्टि हुनेछ। आधुनिक राज्यले सैनिक वा प्रतिरक्षा संयन्त्रलाई त्यति धेरै महत्व दिँदैन। राज्यको भौगोलिक सीमाभन्दा भर्चुअल सीमा विस्तार भएको छ। यसले राज्यका कार्यक्षेत्रका अदृश्य आयाम उद्घाटन गरेको छ। त्यसैले यो संयन्त्र परिचालनको क्षेत्र र प्रकृति बदलिएको छ।

स्रोत परिचालन हिजो पनि महत्वपूर्ण शक्ति थियो, अब झनै महत्वपूर्ण भएको छ। तर, स्रोतको स्वरूप र परिचालन शैली भने फेरिएको छ। हिजो आन्तरिक राजस्व परिचालनमार्फत शक्ति आर्जन गरिन्थ्यो, अब पुँजी, प्रविधि, सूचना तथा ज्ञानसम्म यसको विस्तार भएको छ। यो शक्तिले अन्य शक्तिसँग अन्तरसम्बन्ध कायम गर्छ। त्यसैले कर उठाउने र खर्च गर्ने साँघुरो दायरामा स्रोत परिचालन शक्ति सीमित छैन। बाह्य तथा आन्तरिक साधन परिचालन र पुँजी, प्रविधि तथा ज्ञान निर्माण-उपयोग गरेर राज्य या राष्ट्रहरू शक्तिवान् बन्ने गर्छन्। तथ्य तथा जानकारीले स्रोतको रूप लिएको छ। स्रोत मूर्तबाट अमूर्त पनि बन्दै छ। भूगोलको सीमा पनि काट्दै छ। बहुआयामिक स्रोत परिचालन गर्दै सामूहिक फाइदा लिँदै समृद्धिको मार्ग पहिल्याउन थालेको छ। स्रोतको साझेदारी, सूचनाको साझेदारी र समझको साझेदारीले सामूहिक शक्ति आर्जन गर्ने अभियानमा राज्य गतिशील छन्।

बाह्य वा कूटनीति राज्यको मान्यता, पहिचान र सहयोग परिचालनमार्फत् भाइचारा विकासको परम्परागत शक्ति थियो। कूटनीतिक शक्तिले रक्षा र प्रतिरक्षालाई पनि सघाउँथ्यो। यो शक्तिको पनि संरचना र स्वरूप फेरिएको छ। कूटनीति अमूर्त र व्यापक हुँदैछ। कूटनीति आफैँ नरम शक्ति हो, अब यो अरू नरम बन्दै अमूर्त र आयामिक बनेको छ। देश-देशबिचको सम्बन्ध विस्तार गर्ने आयाम विस्तार भएर समाज, संस्कृति, आर्थिक र वातावरणीय क्षेत्रमा फैलिएको छ। कूटनीति परिचालनको माध्यम राज्यको औपचारिक संचनाबाट अनौपचारिक हुँदै जनस्तरसम्म पुगेको छ। जनस्तरको कूटनीति, डायस्पोराको कूटनीति, सामाजिक सम्बन्ध र सञ्जालको कूटनीति, कार्यमञ्च र अनेकन मानवीय क्रियाकलापले कूटनीतिलाई वास्तविक शक्तिमा उकालेको छ। कूटनीति राजनीतिक र रणनीतिक सीमा काटेर पहिचान, सम्बन्ध, आबद्धताका दृश्य-अदृश्य स्वरूपमा पुगेको छ।

राष्ट्रराज्य मात्र बलियो बनाउने हेतुमा कूटनीति छैन, सहस्वार्थ, सामूहिक पहिचान, सामाजिक पुँजी निर्माण र साझा शत्रु (ग्लोबल ब्याड्स) निर्मूल गर्दै साझा समाधान (ग्लोबल गुड्स) संस्थागत गर्ने काममा कूटनीति परिचालित छ। 'एकको चुनौती सबैको चुनौती'लाई यसले आफ्नो आदर्श बनाएको छ। त्यसैले एक्काइसौँ शताब्दीले विभागीय कूटनीतिलाई गौण र गतावधिक मान्दै जनस्तरको बहुआयामिक कूटनीति निर्माण गरी राज्यलाई गतिशील बन्न घचघच्याएको छ। अब विभागीय र परम्परागत कूटनीति गर्नेहरू समयको बहावसँगै पाखा लाग्नेछन्।

नागरिक सम्बन्ध र सहकार्य शासन गर्ने शक्ति आर्जन अर्को विधि हो। परम्परागत राज्यले नागरिकमाथि शासन गर्थ्यो, प्रशासन, सुरक्षा संयन्त्र र कानुन शासनका हतियार थिए। त्यतिबेला पेलाहा शक्तिले शासन गर्थ्यो, शासन 'सासना' थियो। आधुनिक समाजमा शासन सेवामा बदलिएको छ। राज्यका अंग, संयन्त्र नागरिक सेवाका लागि संरचित हुन्, न कि सासनाका लागि। नागरिक सेवा, सहयोग र सशक्तीकरण गर्न राज्य संयन्त्र अभिमुख छ। नागरिकको विश्वास जित्न नसक्ने राज्यसत्ता रित्ता ठहरिन्छन् र बाहिरबाट जति नै शक्तिशाली देखिए पनि नागरिकले विश्वास नगरेका खोक्रा राज्य कुनै पनि समयमा गर्ल्यामगुर्लुम ढल्न सक्छन्। हिजो शोभियत संघ ढलेथ्यो, अहिले म्यानमार र उत्तरकोरियाहरू नागरिक विश्वासमा रित्ता भएका छन्। सर्वसाधारणले अन्तरबोध नगरेसम्म राष्ट्रराज्य बन्न सक्दैनन्। आधुनिक राज्य नागरिक स्वतन्त्रताको संवर्द्धक र संरक्षक हो। नागरिकको जीवन, स्वतन्त्रता, स्वाभिमान र सम्भावनाको संरक्षण राज्यले गर्नुपर्छ। राज्य र नागरिकबिचका सम्बन्ध जति हार्दिक हुन्छन्, त्यसैको सापेक्षमा राज्यले नागरिकमाथि शासन (सेवा) गर्ने शक्ति आर्जन गर्छ। आफ्नो संस्था राज्यप्रति नागरिकले अपनत्व नलिए राज्यले शासन गर्ने शक्ति गुमाउँछ। श्रीलंका र बंगलादेशले त्यो शक्ति गुमाए र पुनः जनविश्वास आर्जन गर्न लागिपरेका छन्। म्यानमार र पाकिस्तानमा त्यो शक्ति गुमेर नागरिक सासनामा छन्।

क्रियाशील राज्य आफ्ना कार्यसम्पदनमार्फत शक्ति आर्जनको प्रक्रियामा निरन्तर लागिरहेका हुन्छन्। राज्यको कार्यसम्पादन उपलब्धि विस्तार गर्दै जाँदा सर्वसाधारणबाट भरोसा र विश्वास आर्जन गर्छन् र यसले शक्ति दिने गर्छ। राज्य सञ्चालन संरचनाका सञ्चालकको व्यावसायिकता, निष्ठा र इमानदारीमा राज्यले थप शक्ति आर्जन गर्छ। राज्य संयन्त्रको क्रियाशीलता, जनताप्रतिको समर्पण र निष्पक्षताले नागरिक तहमा गर्वभाव पैदा हुन्छ। कुनै पनि मुलुकका नागरिकले आफू त्यहाँका नागरिक हुनुको गर्वभाव राख्न थालेपछि राज्यले शासन गर्ने शक्ति पाएको स्पष्ट हुन्छ। नागरिक तहमा गर्वभाव पैदा गर्नु राजनीतिक कार्यकारीको पहिलो र अन्तिम दायित्व हो। त्यसैले, दैनिकी धानेर राज्य सञ्चालन गर्ने दह्रिलो शक्ति प्राप्त हुँदैन।

राज्य सञ्चालन गर्ने शक्ति कसरी दह्रिलो बनाउने भन्ने चिन्तामा राजनेताहरू हुनुपर्छ। ओहोदा, औपचारिकता र कानुनले मात्र शासन गर्ने शक्ति प्राप्त हुँदैन भन्ने बुझाइ कुशल नेतृत्वमा विकास भएको छ। सामाजिक वास्तविकतासँग चनाखो रहने, नागरिक सम्बन्धका सबै आयाम मजबुत बनाउने, नतिजामार्फत् नागरिक विश्वास जित्ने र जवाफदेहिताको खरो परीक्षणमा पलपल परीक्षित हुने सामर्थ्यले मात्र शासन गर्ने शक्ति आर्जन हुन्छ।

नयाँ पत्रिकाबाट

# महिलालाई बढी हुने थाइरोइड क्यान्सरको रोकथाम कसरी गर्ने ?



**प्राडा वाइपी सिंह**

थाइरोइडको क्यान्सर एक महत्वपूर्ण तथा निको हुने क्यान्सर हो। जुनसुकै उमेरमा यो क्यान्सर भए पनि पुरुषको तुलनामा महिलामा बढी देखिन्छ।

थाइरोइड ग्रन्थी घाँटी अगाडिको भागमा लगभग २० ग्रामको दुई वटा भाग भएको ग्रन्थी अवस्थित हुन्छ। दुई वटा भागलाई इस्थमसले जोडेको हुन्छ। थाइरोइड ग्रन्थी विभिन्न कोषहरुले बनेको हुन्छ। कोषहरु अनियन्त्रित तरिकाले बढदै गयो भने क्यान्सर हुनसक्छ।

अन्य क्यान्सरको तुलनामा थाइरोइडको क्यान्सर पूर्ण निको हुने क्यान्सरमा पर्छ। यो क्यान्सर जुनसुकै उमेरमा हुने भए पनि हामीकहाँ २० देखि ५० वर्षमा बढी देखिन्छ।

सुरुको अवस्थामा यस क्यान्सरको कुनै पनि लक्षण देखा पर्दैन। जब क्यान्सर बढी हुँदै जान्छ तब लक्षण देखिन्छ।

-घाँटीमा असहज हुनु वा दुख्नु,
-गलगाँड हुनु अथवा एकातिर मात्रै गाँठो हुनु।
-निल्न गाह्रो हुनु,
-आवाजमा परिवर्तन हुनु,
-खोकी लाग्नु, श्वास फेर्न कठिन हुनु।

**कारणहरु**

-आयोडिन कमी एउटा प्रमुख कारण मानिन्छ। खासगरी धेरै गलगाँड हुने ठाँउमा क्यान्सर बढी हुन्छ।

-विकिरणको कारणले गर्दा पनि थाइरोइडको क्यान्सर हुनसक्छ।

-केही क्यान्सर वंशाणुगत पनि हुनसक्छ।

**निदान**

-रगतको परीक्षणः क्यान्सरले गर्दा थाइरोइड ग्रन्थीबाट निस्कने टीथ्री, टीफो, टीएसएच सामान्य, कम अथवा बढी छ भन्ने पत्ता लगाइन्छ।

-घाँटीको भिडियो एक्सरेः यो परीक्षणबाट खासगरी गाँठो ठोस अथवा पानीको फोका के हो भनेर पत्ता लगाइन्छ। घाँटीमा लिम्फ ग्रन्थी सुन्निएको छ भने पनि थाहा हुन्छ। प्रायः शंकास्पद तन्तुबाट भिडियो एक्स-रेमा हेर्दै जाँचको लागि कोष तथा तन्तु झिकिन्छ।

-रेडियोआइसोटोप स्क्यानः हर्मोनको मात्रा बढी भएको खण्डमा रेडियोएक्टिभ तत्व जस्तै- आयोडिन नशाबाट दिएर कति थाइरोइड ग्रन्थीमा गयो भनेर नापिन्छ। यसैको आधारमा थाइरोइडको गाँठोलाई वर्गीकरण गरिन्छ। कोल्ड नोल्डयुलमा क्यान्सर हुने सम्भावना बढी हुन्छ।

-अन्यः क्यान्सर कहाँसम्म फैलिएको छ भनेर विशेष एक्सरेहरु सीटी, एमआरआई तथा पेट स्क्यान पनि गर्नुपर्ने हुनसक्छ। क्यान्सरको उपचारपछि रगतको परीक्षणहरु नियमित गरिन्छ।

**थाइरोइड क्यान्सरका किसिम**

थाइरोइड ग्रन्थीको कुन कोषहरुबाट क्यान्सर सुरु भएको हो भनेर क्यान्सरको किसिम छुट्याइन्छ।

-पैपिलरी क्यान्सर लगभग ८० प्रतिशत क्यान्सर हुन्छ। हुन त यो क्यान्सर लिम्फ ग्रन्थीमा सर्ने भए पनि उपचार गरे निको हुने क्यान्सरमा पर्छ।

-फोलिकुलर क्यान्सर लगभग १५ प्रतिशतमा हुन्छ। सुरुको अवस्थामा पत्ता लगाउन सके निको पार्न सकिन्छ। यस्तो क्यान्सर रगतको माध्यमबाट सर्ने भएकोले अन्य अंगमा सरिसकेपछि निको पार्न कठिन हुन्छ।

पैपिलरी, फोलिकुलर र हरथल सेल क्यान्सरलाई क्यान्स कोषहरु छुट्टिनेमा पर्छ। यी क्यान्सरहरु निको हुने सम्भावना धेरै रहन्छ।

-एनाप्लास्टिक क्यान्सर लगभग दुई प्रतिशतमा देखिए पनि निको हुने सम्भावना एकदमै कम हुन्छ। कोषहरु नछुट्टिने भएको हुनाले यस क्यान्सरलाई एनाप्लास्टिक अथवा अनडिफरेन्सिएटेड क्यान्सर भनिन्छ।

**क्यान्सरका अवस्थाहरु**

-क्यान्सरका उपचार पछि निको हुने सम्भावना रोगको अवस्थामा भर पर्छ। अन्य क्यान्सरमा जस्तै थाइरोइडको क्यान्सरको अवस्था टयुमरको नाप, ग्रन्थीमा सरेको तथा अन्य अंगमा सरको अवस्थामा भर पर्छ। हुन त क्यान्सरको किसिम तथा बिरामीको उमेर पनि यसका लागि महत्वपूर्ण मानिन्छ।

पहिलो स्टेजः टयुमर दुई सेन्टीभन्दा सानो र लिम्फ ग्रन्थीमा नसरेको।

दोस्रो स्टेजः टयुमर ४ सेन्टीको तर लिम्फ ग्रन्थीमा नसरेको।

तेस्रो स्टेजः टयुमर ठूलो र लिम्फ ग्रन्थीमा सरेको।

चौथो स्टेजः क्यान्सर अन्य अंगमा सरेको।

**उपचार**

थाइरोइड क्यान्सरको उपचार विधि क्यान्सरको किसिम, अवस्था र बिरामीको उमेरमा भर पर्छ। यस क्यान्सरको लागि निम्न उपचार विधिहरु प्रचलनमा छः

शल्यक्रियाः यस क्यान्सरमा शल्यक्रियालाई प्रमुख उपचार विधिका रुपमा लिइन्छ। यस क्रममा क्यान्सर भएको भागलाई आवश्यकता अनुसार निकाल्ने गरिन्छ। जसमा सम्पूर्ण निकाल्ने र लिम्फ ग्रन्थीमा सरेको छ भने घाँटीका ग्रन्थीहरु निकाल्ने गरिन्छ। धेरै बिरामीहरुलाई शल्यक्रियाविना नै निको हुन्छ। यद्यपि, हर्मोन उत्पादन नगर्ने ग्रन्थी नहुने भएकोले हर्मोन भने दिइराख्नुपर्ने हुन्छ।

रेडियोथेरापी वा रेडियोएक्टिभ थेरापीः उपचार यस विधिले बाँकी रहेका क्यान्सर कोषहरुलाई नष्ट गरिदिन्छ।

केमोथेरापीः प्रायः एनाप्लास्टिक क्यान्सरमा टयुमर निकाल्न नसके पनि बिरामीको समस्याहरु कम गर्न रेडियोथेरापी र केमोथेरापी दिने गरिन्छ।

**रोकथाम**

अन्य क्यान्सरहरुलाई जस्तै थाइरोइड क्यान्सरलाई पनि रोकथाम गर्न सकिन्छ। यसको प्रमुख कारक तत्वहरु जस्तैः विकिरण प्रदूषणबाट बच्ने तथा एकदमै न्यून गर्नुपर्छ। आयोडिनको कमी हुन दिनु हुँदैन।

थाइरोइड क्यान्सर हुने जोखिम समूहका मानिसहरुले नियमित रुपमा परीक्षण गराएर सुरुमा नै यसको उपचार गर्नु रोकथाम हो।

स्वास्थ्य खबरबाट

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ (एक्काइस) दिने सूचना

**प्रकाशित मिति २०८१/०८/२७ गतेको दैनिक लुम्बिनी**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसंग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धन जमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋण कर्जाको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो बन्धक लेखिदिएको तपसीलमा उल्लेखित सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो २१(एक्काइस) दिने लिलाम बिक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्ति (घर जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, बुटवल तथा सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहको तपसील बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली निति तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम समावेश गर्नको लागि सिफारिस गरी पठाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस बैंकमा सम्पर्क राखी यथाशीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

तपसिलः

**ऋणीको नाम र ठेगाना (बुटवल शाखा)**

१.नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा रुपन्देही, प्रा.फ.र.नं.४६०७६/०७६/७७ मिति २०७६/१०/०७, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६१२८९५५५३ मिति २०७६/१०/०९ मा दर्ता भई रुपन्देही जिल्ला वुटवल उप.म.न.पा वडा नं. १० स्थित

**तलेजु इलेक्ट्रोनिक्स प्रोप्राइटर : लक्ष्मी देवी श्रेष्ठ**
(ना.प्र.नं.३७-०२-७४-०८२४९, रुपन्देही, जारी मिति : २०७४/०९/०६)
पति : जुतेन्द्रमान श्रेष्ठ, बाबुः गणेश लाल श्रेष्ठ, ससुराः श्रीमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही

**२.रोशनी बज्राचार्य (श्रेष्ठ) सिमाङ्गैडा**
(ना.प्र.नं. ३७-०२-७३-०४२२४, रुपन्देही, जारी मिति : २०७३/०६/०७)
पति : सौभाग्य श्रेष्ठ सिमाङ्गैडा, ससुरा : जुतेन्द्रमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल न.पा. वडा नं. २, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा. वडा नं. ११, रुपन्देही

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

श्रीमान श्रेष्ठ को बुहारी, जुतेन्द्रमान श्रेष्ठको पत्नि, जिल्ला रुपन्देही बुटवल न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल जिल्ला रुपन्देही, बुटवल उप.म.न.पा. वडा नं. १ बस्ने शोभा लक्ष्मी श्रेष्ठ र श्रीमान श्रेष्ठ को बुहारी, जुतेन्द्रमान श्रेष्ठको पत्नि, जिल्ला रुपन्देही बुटवल न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल जिल्ला रुपन्देही, बुटवल उप.म.न.पा. वडा नं. ०१ बस्ने लक्ष्मी देवी श्रेष्ठको संयुक्त नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रुपन्देही बुटवल न.पा. वडा नं. २, स्थित कि.न. ३३ क्षेत्रफल ७३.८४ व.मि. र जिल्ला रुपन्देही सेमलार गा.वि.स. वडा नं. ०५, स्थित कि.न. १४७, १४३ र ४ क्षेत्रफल क्रमश ८१२.६०, २२१७.७२ र २३०२.३७ (व.मि) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**व्यक्तिगत धन तथा धितोजमानी दिनेहरुको विवरण**

**१. सौभाग्य श्रेष्ठ सिमाङ्गैडा**
(ना.प्र.नं. ८३६५, रुपन्देही जारी मिति : २०५६/०४/१४)
बाबुः जुतेन्द्रमान श्रेष्ठ, बाजे : श्रीमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल न.पा. वडा नं. २, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही

**२.उपेन्द्रमान सिमाङ्गैडा**
(ना.प्र.नं. २९५१, रुपन्देही जारी मिति : २०५४/०३/१८)
बाबु : जुतेन्द्रमान सिमाङ्गैडा बाजे : श्रीमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल न.पा. वडा नं. २, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही

**३. शोभा लक्ष्मी श्रेष्ठ**
(ना.प्र.नं. ३७-०२-७४-०८२४८, रुपन्देही
जारी मिति : २०७४/०९/०६)
पति : जुतेन्द्रमान श्रेष्ठ, ससुरा : श्रीमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा. वडा नं. १, रुपन्देही

**४. लक्ष्मी देवी श्रेष्ठ**
(ना.प्र.नं. ३७-०२-७४-०८२४९, रुपन्देही जारी मिति : २०७४/०९/०६)
पति : जुतेन्द्रमान श्रेष्ठ, ससुरा : श्रीमान श्रेष्ठ
स्थायी ठेगाना : बुटवल न.पा. वडा नं. १, रुपन्देही
हालको ठेगानाः बुटवल उप.म.न.पा.वडा नं. ११, रुपन्देही

**ऋणीको नाम र ठेगाना (तमघास शाखा)**

नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, गुल्मी, प्रा.फ.न.घ.उ.वि. ९०५/०६४ मिति २०६४/०४/२४, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६०७९८८१६५ मिति २०७५/०३/२२ मा दर्ता भई गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ८, स्थित भट्टराई ड्राइभिङ्ग इन्स्टिच्युट प्रोप्राइटर : नारायण भट्टराई (ना.प्र.नं. ४११००६/९६४११, गुल्मी, जारी मिति : २०६८/०२/०४) बाबु : भिमलाल भट्टराई, बाजे : रिषीराम भट्टराई
स्थायी ठेगानाः रेसुङ्गा न.पा. वडा नं. १४, गुल्मी, हालः रेसुङ्गा न.पा. वडा न. ८, गुल्मी

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

रिषीराम भट्टराईको बुहारी, भिमलाल भट्टराई को पत्नि, जिल्ला गुल्मी परालमी गा.बि.स वडा नं. ८, स्थायी ठेगाना भई हाल जिल्ला गुल्मी, रेसुङ्गा न.पा. वडा न. ८, बस्ने गोमा भट्टराईको नाममा मालपोत कार्यालय गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला गुल्मी तम्घास गा.बि.स. वडा न. ६ स्थित कि.न. १४८३ क्षेत्रफल ०-११-१-० (रोपनी) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**व्यक्तिगत धन तथा धितोजमानी दिनेहरुको विवरण**

**१.आशिका भुसाल भट्टराई**
(ना.प्र.नं. ३७-०१-७३-०२७१९, गुल्मी जारी मिति : २०७३/०३/०३)
पति : नारायण भट्टराई, ससुरा : भिमलाल भट्टराई
स्थायी ठेगाना : रेसुङ्गा न.पा. वडा नं. १४, गुल्मी
हालको ठेगाना : रेसुङ्गा न.पा. वडा न. ८, गुल्मी

**२.गोमा भट्टराई**
(ना.प्र.नं. ६०१६९, गुल्मी जारी मिति : २०६३/०३/०४)
पति : भिमलाल भट्टराई, ससुरा : रिषीराम भट्टराई
स्थायी ठेगाना : परालमी गा.वि.स वडा नं. ८, गुल्मी
हालको ठेगाना : रेसुङ्गा न.पा. वडा न. ८, गुल्मी

**ऋणीको नाम र ठेगाना (फर्साटिकर शाखा)**

१.प्रदेश सरकार, लुम्बिनी प्रदेश, शुद्धोधन गाँउपालिका, ४ नं. वडा कार्यालयमा दर्ता नं. ६४५ मिति २०७८/०४/३२, आन्तरिक राजस्व विभाग स्थायी लेखा नं. ६१६४०६१६० मिति २०७८/०५/०१ मा दर्ता भई रुपन्देही जिल्ला शुद्धोधन गाँउपालिका वडा नं. ४ स्थित
फर्निसिङ एण्ड होम डेकोर प्रोप्राइटर : बिष्णु कुमारी गिरी
(ना.प्र.नं. २६०३, बाग्लुङ, जारी मिति : २०५१/०८/११)
पति : लिला गिरी, ससुरा : गणेश गिरी
स्थायी ठेगाना : हिल गा.वि.स वडा नं. ९, बाग्लुङ
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**व्यक्तिगत धन तथा धितोजमानी दिनेहरुको विवरण**

**१.लिला गिरी**
(ना.प्र.नं. ५४८४/६०१, बाग्लुङ जारी मिति : २०४१/१२/२६)
बाबु : गणेश गिरी, बाजे : बलभद्र गिरी
स्थायी ठेगाना : हिल गा.वि.स. वडा नं. ९, बाग्लुङ
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**२. मदन गिरी**
(ना.प्र.नं.३७२०३०/६२७८४,रुपन्देही, जारी मिति : २०६७/०६/२१)
बाबु : लिला गिरी, बाजे : गणेश गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**३.मनोज गिरी**
(ना.प्र.नं.३७-०२-७०-००३३२, रुपन्देही, जारी मिति : २०७०/०१/१६)
बाबु, : लिला गिरी, बाजे : गणेश गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**४.कोमल घ.म.**
(ना.प्र.नं.४०१०४२/१००४,अर्घाखाँची,जारीमिति : २०६९/०२/१७ )
पति : मनोज गिरी, ससुरा : लिला गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**ऋणीको नाम र ठेगाना (फर्साटिकर शाखा)**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्रा.फ.र.न.४२०५९/०७४ मिति २०७४/१२/२०, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०७६९४६९१ मिति २०७४/१२/२१ मा दर्ता भई रुपन्देही जिल्ला शुद्धोधन गाँउपालिका वडा नं. ४ स्थित
मन्जिल हार्डवेयर एण्ड सप्लायर्स प्रोप्राइटर : मदन गिरी
(ना.प्र.नं. ३७२०३०/६२७८४, रुपन्देही, जारी मिति :२०६७/०६/२१)
बाबु : लिला गिरी, बाजे : गणेश गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**व्यक्तिगत धन तथा धितोजमानी दिनेहरुको विवरण**

**१.लिला गिरी**
(ना.प्र.नं. ५४८४/६०१, बाग्लुङ जारी मिति : २०४१/१२/२६)
बाबु : गणेश गिरी, बाजे : बलभद्र गिरी
स्थायी ठेगाना : हिल गा.वि.स. वडा नं. ९, बाग्लुङ
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**२.विष्णु कुमारी गिरी**
(ना.प्र.नं.२६०३, बाग्लुङ, जारी मिति : २०५१/०८/११)
पति : लिला गिरी, ससुरा : गणेश गिरी
स्थायी ठेगाना : हिल गा.वि.स. वडा नं. ९, बाग्लुङ
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**३.मनोज गिरी**
(ना.प्र.नं.३७-०२-७०-००३३२,रुपन्देही, जारी मिति : २०७०/०१/१६)
बाबु, : लिला गिरी, बाजे : गणेश गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**४.कोमल घ.म.**
(ना.प्र.नं.४०१०४२/१००४,अर्घाखाँची,जारी मिति : २०६९/०२/१७)
पति : मनोज गिरी, ससुरा : लिला गिरी
स्थायी ठेगाना : सौ.फर्साटिकर वडा नं. १, रुपन्देही
हालको ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

**फर्निसिङ एण्ड होम डेकोर र मन्जिल हार्डवेयर एण्ड सप्लायर्सको कर्जाहरुको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. बलभद्र गिरीको नाति, गणेश गिरीको छोरा, जिल्ला बाग्लुङ हिल गा.बि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४ बस्ने लिला गिरीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.बि.स. वडा न. १/ख, स्थित कि.न. १३६१ क्षेत्रफल ०-१-३-० (बिघा) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

२ .गणेश गिरीको बुहारी, लिला गिरीको पत्नि, जिल्ला बाग्लुङ हिल गा.बि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ४ बस्ने विष्णु कुमारी गिरीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.बि.स. वडा न. १/ख, स्थित कि.न. ५५३ क्षेत्रफल ०-१-०-० (बिघा) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**मन्जिल हार्डवेयर एण्ड सप्लायर्सको नाममा हायर पर्चेज कर्जामा धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण सवारी साधन(ट्याक्टर)**

| सवारीको मोडेल | इन्जिन नं. | चेचिस नं. | सवारी दर्ता नम्बर |
|---|---|---|---|
| New Holand 3230 | S325J93462 | NHN32300ZJL450002 | Lu 4 Ta 3370 |

- जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**

**केन्द्रीय कार्यालयः**
**बुटवल-११-, कालिकानगर, रुपन्देही फोनः ०७१-४१५५०२/४१५५०३**
**E-mail:info@srdb.com.np,URL:www.srdb.com.np**

# जेसीस र युनिक होम्स् विजयी




भैरहवा । ११औं संस्करणको 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता'मा जेसिस इङ्गलिस बोर्डिङ हाई स्कूल र युनिक होम्स इङ्गलिस बोर्डिङ हाई स्कूल विजयी भएका छन् । बुधबार भैरहवास्थित सिद्धार्थ रंगशालामा भएका दुई खेलमा जेसीसले होराइजन जीबीएसलाई १ विकेट र युनिक होम्सले कुँवरवर्ती इङ्गलिस बोर्डिङ स्कूललाई ५ विकेटले पराजित गर्दै जित हात पारेका हुन् ।

टस जितेर ब्याटिङ गरेको होराइजनले निर्धारित २० ओभरमा ५ विकेटको नोक्सानीमा १ सय १६ रन बनायो । उसका लागि चन्दनकुमार राजपुतले ४५ र विप्लब केसीले २५ रन बनाए। बलिङमा जेसीसका गौतम यादवले २ तथा अमित यादव, शिशिर घिमिरे र अफजल हुसेनले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको जेसीसले १८ ओभर ५ बलमा ९ विकेट गुमाएर १ सय १७ रन बनाउँदै जित निकाल्यो । उसको जितमा अमोग बश्याललले २४ र अफजल हुसेनले अविजित २१ रनको योगदान दिए । बलिङमा होराइजन जीबीएसका कुशल पौडेलले ३ तथा ग्रवित पन्थ र विप्लव केसीले समान २-२ विकेट लिए। खेलमा अफजल हुसेन प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

अर्को खेलमा टस जितेर ब्याटिङ गरेको कुँवरवर्तीले ४ विकेटको नोक्सानीमा १ सय १० रन बनायो। उसका लागि अपजस सेनले ४३, अन्जित क्षेत्रीले अविजित २५ र आरभ गिरीले १७ रन जोडे । बलिङमा युनिक होम्सका रुद्र यादव, अरुण सिंह र साहजद पठानले १-१ विकेट लिए।

१ सय ११ रनको लक्ष्यसहित ब्याटिङ गरेको युनिक होम्सले १२ ओभर ३ बलमा ५ विकेटको नोक्सानीमा लक्ष्य पूरा गर्दै सहजै जित हात पार्यो । उसका लागि साहजद पठानले अविजित २७, अरुण सिंहले नटआउट २२ र आदित्य रौनियारले २० रनको योगदान गरे । बलिङमा कुँवरवर्तीका आरभ गिरीले २ तथा दिप्सन पौडेलले १ विकेट लिए । खेलमा अरुण सिंह प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ हात पारे।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक भरत थापाले बताए। पुस २ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न विद्यालयका २३ टिम सहभागी छन्।

**श्री मितमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समुह**
**ऐरावती गा.पा. ०१, प्यूठानको**

## काठ लिलाम विक्री सम्वन्धी सुचना

प्रथम पटक सुचना प्रकाशन मिति २०८१।०८।२७

यस सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत घाटगद्दीस्थान (ऐरावती १ सिमलचौर) मा सुखड खडा, ढलापडाबाट प्राप्त भएको खयर जातको गोलिया काठ थान ६७४ को ६२२२५८ घ. फिट जस्तो अवस्थामा छ सोही अवस्थामै आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक संघसंस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२औं दिनको ११:०० वजे भित्र दाखिला गर्नुहुन र विस्तृत जनकारिको लागि यस समुहको कार्यालयमा र डिभिजन वन कार्यालय प्यूठानको सुचनापाटीमा टाँस भएको सुचना हेर्न अनुरोध छ।

**सम्पर्कः**
**धन वहादुर रजाली**
**अध्यक्ष**
९८४७४०७४३४

# शितगंगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**ठाडा, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मिति २०८१/८/२७

यस कार्यालयबाट मिति २०८१/६/२३ गतेको गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा विद्युतीय खरिद प्रणाली बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सवैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र स्वीकृत भएको बोलपत्र दाताको नाम | ठेगाना | स्वीकृत रकम (मुअ कर सहित) |
|---|---|---|---|---|
| ६ (नि.२) -२०८१/०८२ | ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) स्तरोन्नती कार्य | भुसाल निर्माण सेवा | सन्धिखर्क न.पा.२ अर्घाखाँची | ९९१६९०७.६७ |
| ७ (नि.३) -२०८१/०८२ | भेडामारे सिमलपानी बौरी भाटगाउँ चिदिचौर हुदै ढाव पावरा विक्रम सडक स्तरोन्नती कार्य | धर्मराज निर्माण सेवा | सन्धिखर्क न.पा. ११ अर्घाखाँची | ९४७१०३९.०८ |
| ८ (नि.४) -२०८१/०८२ | चाक्ला हर्रे बहखोर पाकुरी धानखोला सडक स्तरोन्नती कार्य | भुसाल निर्माण सेवा | सन्धिखर्क न.पा.२ अर्घाखाँची | ५३३०२९६.१८ |
| ९ (नि.५) -२०८१/०८२ | सितापुर सुवर्णखाल चौपारी मन्द्रे नेटापो खरा सडक स्तरोन्नती कार्य | डि एण्ड पी कन्स्ट्रक्सन | सन्धिखर्क न.पा. १ अर्घाखाँची | ५२८१३५९.१६ |
| १० (नि.६) -२०८१/०८२ | देउराली दमार ढुङ्गेसेरा मौवाबारी खयरभट्टी बनकसबास सडक स्तरोन्नती कार्य | एन एस निर्माण सेवा | सिद्धार्थनगर ३ रुपन्देही | ७०७१३४४.०७ |

प्रमुख प्रशासकीय अधिकृत

# CHHATRADEV RURAL MUNICIPALITY

**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**CHHATRAGUNJ, ARGHAKHANCHI**

## Invitation For Sealed Quotations

Date of 2nd publication: 2081/08/27 (12 December, 2024)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***For Bid document Fee (NRs 1000)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

**Last Date of Bid Purchase and Submission:27 December, 2024 (2081/09/12) 12:00 Hrs.**

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 12th March 2025 |
|---|---|---|
| 1 | Arghatosh-Bhagawati Water Supply Project CRM/ARG/SQ/W/14/081/82 | 28000/- |
| 2 | Kudule-Lejbang Road Upgrading Works CRM/ARG/SQ/W/15/081/82 | 28000/- |
| 3 | Amarai-Jabundada-Mathura Road Upgrading Works CRM/ARG/SQ/W/16/081/82 | 28000/- |

# वनको समस्या समाधान गर्न कानुनी जटिलता फुकाइने

दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वन क्षेत्रमा देखिएको समस्या समाधान गर्न कानुनी जटिलता फुकाईने बताएका छन् । ऐन, कार्यविधि र नियमावली संसोधन गरेर भए पनि वन क्षेत्रमा देखिएको समस्या फुकाउन सरकार तयार रहेको र पुस महिनाभित्र कानुनी जटिलताको समाधान गरिने बताएका हुन् । बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय राप्ती उपत्यका देउखुरीमा भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले ऐन, कार्यविधि र नियमावलीमा समस्या भए तत्काल संशोधन प्रस्ताव तयार पारेर अघि बढाउन निर्देशन दिए।

'हामीले बनाएको ऐन, कार्यविधि तथा नियमावली काम गर्न बाधक हुन भने जटिलता फुकाऔं । कानुन बाधक भएर काम गर्न सकिएन भनेर एउटै रटान लगाउने होइन । सुधार गरेर अघि बढ्ने हो। यसमा हामी सबैं गम्भीर र जिम्मेवार बन्न जरुरी छ,' मुख्यमन्त्री आचार्यले भने-'ऐन संशोधन गर्नुपर्ने हो भने पुसमा बस्ने प्रदेश सभाको पहिलो बैठकमा संशोधन प्रस्ताव दर्ता गरौं । कार्यविधि र नियमावली हुन भने मन्त्रालयतहबाट सुधार गर्न सकिन्छ। यसमा मन्त्रालयले कार्यदल बनाएर काम अघि बढाउन जरुरी छ।'

सधैं कानुन बाधक बन्यो, जटिलता भयो भन्ने भन्दा पनि सुधारकालागि योजना बनाउन मुख्यमन्त्री आचार्यले निर्देशन दिए । संविधानले प्रदेश सरकारलाई वन क्षेत्रको अधिकार सुम्पिएकाले संरक्षण, सम्वर्द्धन तथा राजश्व वृद्धिकालागि निर्धक्क भएर कार्ययोजना निर्माण गरेर कार्यान्वयनमा जुट्न जरुरी रहेको भनाइ मुख्यमन्त्री आचार्यको छ। 'संघीय कानुनले वनको अधिकार क्षेत्र प्रदेशलाई सुम्पिसकेपछि पनि हामि काम गर्न डरायौं की ? निर्धक्क भएर यसमा काम गर्न जरुरी छ,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेशमा प्राप्त भएको अधिकार प्रयोगमा ढुक्क भएर अघि बढ्न जरुरी छ।'

वन क्षेत्रमा देखिएको कानुनी जटिलता फुकाउन वन तथा वातावरण मन्त्रालयका निर्देशक प्रभात साप्कोटाको संयोजकत्वमा पाँच सदस्यीय सुझाव कार्यदल गठन गरिएको मन्त्रालयका सचिव मोहनराज काफ्लेले जानकारी दिए । 'कानुनी जटिलताको पहिचान गरेर संशोधन प्रस्ताव तयार पार्न कार्यदल गठन भएको छ । यो कार्यदलले सुझावहरु तयार पारेर उपलब्ध गराउने छ,' सचिव काफ्लेले भने-'छलफल तथा अन्तर्क्रियामा आएका सुझावहरुलाई आधार मानेर कार्यदल बनाउने निर्णय भएको हो।'

मुख्यमन्त्री आचार्यले कानुनी जटिलता फुकाउनेगरी कार्यदल बनाएर संशोधन प्रस्ताव तयार पार्न निर्देशन दिएका थिए । यस्तै नदीजन्य पदार्थको संकलन तथा व्यवस्थापनकोलागि एउटै ठेक्का प्रक्रियालाई कार्यान्वयनमा ल्याउनेगरी कानुनी व्यवस्था सुधार गर्न सुझाव दिए। 'संकलन र घाटगद्धीको दुईवटा ठेक्का निकाल्दा झञ्झटिलो भयो । यसलाई एउटै ठेक्काबाट कामहुनेगरी सुधार गर्न जरुरी छ,' उनले भने-'राजस्व चुहावट हुने र कानुन विपरीत हुने उत्खननूलाई कडाइकासाथ नियन्त्रण गर्ने तर, संकलन तथा घाटगद्धीलाई एउटै प्रक्रिया बनायनुपर्छ।'

प्रदेश सरकारको मातहतमा रहेको वन क्षेत्रभित्रका खोला खोल्सीको व्यवस्थापन र त्यहाँबाट संकलन हुने ढुंगाजन्य बस्तु संकलनमा समेत ध्यान दिन आग्रह गरे । 'बस्ती नजिकका खोला खोल्सीले बस्तीनै जोखिममा पारेका छन् । तिनको पहिचान गरेर व्यवस्थापनको काम गर्नुपर्छ,' उनले भने-'यसबाट जोखिममा रहेको बस्ती पनि सुरक्षित हुन्छन् । प्रदेशलाई राजश्व संकलन पनि हुन्छ।' वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारले कानुनी जटिलता सुधार गरेर वन क्षेत्रलाई प्रदेशको बलियो आधार बनाउनेगरी काम गर्न थालिएको बताए। वन क्षेत्रबाट प्राप्त हुने स्रोतको सही सदुपयोग गर्दै उपभोक्ताको जीविकोपार्जनमा ध्यान दिएको जानकारी दिए।

# वरिष्ठ नेफ्रोलोजिष्ट बस्नेत क्रिमसनमा




तिलोत्तमा । मृगौला रोग विशेषज्ञ डा. शक्ति बस्नेतले क्रिमसन अस्पतालबाट सेवा प्रवाह गर्ने भएका छन् । यही षौष ३ गतेबाट हरेक दिन बिहान १० बजेदखि दिउँसो १२ बजेसम्म क्रिमसन अस्पतालमा डा.बस्नेतले बिरामी चेकजाँच र परामर्श दिने अस्पतालले जनाएको छ। दक्ष चिकित्सिकहरुलाई नियुक्त गरेर गुणस्तरीय उपचार दिने उद्देश्यससहित डा.बस्नेतलाई नियुक्ति गरेको अस्पतालका जनसम्पर्क अधिकृत चन्द्रकान्त बस्यालले जानकारी दिए । बस्यालले स्थानीयलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने अस्पतालको उद्देश्यले बिस्तारै मूर्तरुप लिदै गएको बताए । बस्नेत देशकै चिरपरिचित नेफ्रोलोजिष्ट हुन्। बस्नेतले नेफ्रोलोजिष्टको रुपमा सेवा प्रवाह गर्न लागेको १४ वर्ष पूरा भयो । काठमाडौंस्थित वीर अस्पतालको मृगौला रोग विभागमा ५ वर्ष काम गरेको अनुभव संगालेका डा.बस्नेतले त्यत्ति नै समय सामाजिक कार्यअन्तर्गत नेपाल किड्नी फाउण्डेसनको स्थापना गरी संस्थापक अध्यक्षको हैसियतमा काम गरेका छन्।

मृगौलासम्बन्धी जनचेतना जगाउँदै आएको उक्त संस्थाले अहिले पनि स्थानीयस्तरमा जनचेतना जगाउँदै र मृगौला रोगसम्बन्धी समस्याहरुबाट जोगिने उपाएका विषयमा सचेत बनाउने गरी विभिन्न किसिमका सामाजिक कामहरु गर्दै आइरहेको छ । बस्नेतसँग गौतमबुद्ध मुटु अस्पतालको मृगौला रोग विभागको प्रमुख पदमा रही काम गरेको अनुभव छ भने त्यस लगत्तै ६ वर्षसम्म बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा मृगौला रोग विभाग स्थापना गरी प्रमुखका रुपमा रही काम गर्दै आएको अनुभव पनि छ।

» *-एडभर्टोरियल*

# लुम्बिनी महोत्सवमा हिमाल, पहाड र तराईका उत्पादन

भैरहवा । जुम्लाको मार्सी चालम, सिमीको दाल, मुस्ताङको स्याउका परिकार, पाल्पाको ढाका, दैलेखको अल्लोको कपडा, रुपन्देही र दाङमा उत्पादित मह, अचारलगायतका खाद्यवस्तु। यी सबै स्वदेशी खाद्यवस्तु तथा कपडालाई एकै ठाउँमा जमघट गराएको छ- भैरहवामा जारी नवौं लुम्बिनी राष्ट्रिय महोत्सवले । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा यही मंसिर २० देखि भैरहवास्थित अञ्चलपुरमा जारी महोत्सवले धेरै उपभोक्तालाई आकर्षित गराएको छ । एउटै ठाउँमा तराई, हिमाल र पहाडको उत्पादन खरिद गर्न पाउने भएपछि महोत्सव भर्न जाने दर्शक खुशी छन्।

महोत्सवमा रहेका कृषि स्टलमा नेपालको कर्णालीदेखि मुस्ताङसम्मका नेपाली उत्पादन हेर्न, किन्न र यसका विशेषताबारे बुझ्न सकिन्छ। भैरहवाकी स्थानीय कविता आचार्यले महोत्सवमा गएर कोदोको पिठो, जुम्लाको चामल, गेडागुडी, मुस्ताङको छुर्पी र स्याउको भुजिया खरिद गर्न पाउँदा खुशी लागेको बताइन् । 'पहाडको कोदोको पिठो, हिमालको छुर्पी महोत्सवमा किन्न पाइयो, यसले म जस्ता उपभोक्तालाई निकै सहज भयो', उनले भनिन्-'हिमाल-पहाडका परिकार यसै स्वादिष्ट हुन्छन्। स्वास्थ्यबर्द्धक मानिन्छन्। महोत्सवमा किन्न पाउँदा खुशी लागेको छ।'

उनीजस्ता धेरै उपभोक्ता अहिले भैरहवामा जारी महोत्सवमा पुगेर दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडासम्म खरिद गरिरहेका छन्। महोत्सवमा अटो प्याभेलियनमा विभिन्न ब्राण्डका गाडीबारे बुझ्ने र खरिद गर्नेहरु पनि धेरै छन् । 'पर्यटन, उद्योग, कृषि र व्यापार राष्ट्रिय समृद्धिको आधार' भन्ने मूल नाराकासाथ जारी महोत्सवले हिमाल, पहाड र तराईका व्यापारीलाई एकअर्कामा घुलमिल बनाएको छ नै उपभोक्ताहरुलाई समेत स्वदेशी उत्पादनप्रति आकर्षण थप गराएको छ। सबै उत्पादनको एउटै संगम हुँदा सबैभन्दा बढी सहज उपभोक्तालाई छ।

कर्णाली प्रदेशको सुर्खेतदेखि कृषिका विभिन्न उत्पादन लिएर भैरहवा आएकी पवित्रा नेपालीले आफूले जुम्ला, हुम्ला, मुगु, डोल्पा, बाजुरादेखि दैलेखसम्मका कृषि उत्पादन बिक्री गरिरहेको बताइन् । 'मैले कागुनो, जुनो र मार्सी जातका चामलहरु बिक्री गरिरहेकी छु', उनले भनिन्-'धेरैजनाले यी चामलको बारे बुझ्ने गर्नुभएको छ भने खरिद गरेर लैजाने समेत गर्नुभएको छ।'

मुस्ताङको मार्फा लिएर महोत्सवमा बिक्री गरिरहेका हरिलाल विश्वकर्माले पनि बिक्रीदर राम्रो रहेको जनाए। उनी भन्छन्-'हिमाली भेगमा पाइने एप्रिकोटका परिकारहरु, स्याउका परिकारहरु मुस्ताङमा प्रशोधन गरेर यता ल्याएका हौं । यी सबै अर्गानिक उत्पादनहरु हुन् । जसले गर्दा महोत्सवमा राम्रो बजार पाइरहेको छ।'

स्थानीय व्यवसायी मधु भट्टराईले आफ्नो पसल किसान घरको नामबाट महोत्सवमा एउटा स्टल राखेकी छन् । भट्टराईको स्टलमा जौंको आटोपिठो, मकैको आटो, कोदोको पिठो, फापरको पिठो, जौंको सातु, मिक्स साथुलगायत उपलब्ध छ। 'चिसो मौसम भएर पनि होला यहाँ यी खाद्यवस्तु खरिद गर्न धेरैजना आउनुभएको छ', उनले भनिन्- 'खरिद नगर्नेले पनि बडो चाख दिएर बुझ्नु हुन्छ । फेरि किन्छौं भन्ने प्रतिक्रिया दिनुहुन्छ।'

महोत्सवमा कृषि स्टलहरुको बिचमा माछा पोखरी बनाइएको छ । माछा पोखरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मत्स्य सुपोरजोनको प्राविधिक सहयोगमा निर्माण भएको हो। सुपरजोनले उक्त पोखरीमा माछा राखेको छ। महोत्सव अवलोकन गर्न आउनेले कृषि स्टल पुग्दा पोखरीबाट नै झिकेको ताजा माछाका विभिन्न परिकार बनाएर खान पाइरहेका छन्।

माछापोखरीको वरिपरि ३० वटा कृषि स्टलहरु छन् । ति स्टलहरुमा थारु समुदायको ढिकरी, माछा, घोंगी, नेवार समुदायका परिकार, दूधको परिकार, केराको परिकार, च्याउको परिकार, कर्णाली प्रदेश र मुस्ताङ जिल्लाका कृषि उत्पादनहरु देख्न, किन्न र खाना सकिन्छ । महोत्सवको कृषि स्टलमा अल्लोबाट उत्पादन गरिएको कपडाहरु पनि राखिएको छ।

महोत्सवको कृषि उप-समिती संयोजक यमकला न्यौपाने महोत्सवमा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएर अघि बढेको बताउँछिन् । न्यौपानेले कृषि उत्पादनका साथै प्रविधिबारे पनि सचेतना हुने गरी स्टलहरु रहेको जानकारी दिइन्।

महोत्सव प्रचारप्रसार समिति संयोजक एवं संघका सचिव मंगल भण्डारीले मेलामा आउनेहरुलाई कृषि बारे सचेतना अभिवृद्धि होस् भनेर नेपाल कृषि अनुसन्धान परिषद् राष्ट्रिय गहुँवाली कार्यक्रमले स्टलमा नेपाल सरकारका सूचीकृत भएका गहुँ र धानका प्रजातिहरुका नमूना तथा सचेतना अभिवृद्धि हुने खालका पर्चाहरु समेत राखिएको जनाए। यस्तै कृषि ज्ञान केन्द्रले राखेको स्टलमा कृषि बारे सचेतना अभिवृद्धि गर्ने खालका पर्चा र पम्पलेटहरु राखिएको छ।

'यसले महोत्सव भर्न आउने हरेक किसान, सर्वसाधारण र अन्य व्यापारीलाई सिक्ने र सिकाउने अवसर प्रदान गरिरहेको छ।'-भण्डारीले भने । महोत्सव मूल आयोजक समिति संयोजक एवं संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले सबै उत्पादन एकै थलोमा प्रदर्शन गर्नु नै मेलाको विशेषता भएको बताए। 'उत्पादनको बजारीकरण होस् र स्वदेशी उत्पादनको प्रयोग गर्न उपभोक्ता सूसुचित होउन् भन्ने लक्ष्यले कृषिलाई प्राथमिकतामा राखिएको छ', उनले भने-'महोत्सवमा खाद्यान्न, कपडा, बाल उद्यान, हस्तकला, प्रविधि, विभिन्न होटल तथा रेष्टुरेण्टका स्टलहरु, अटो मोवाइल्सलगायत छन् । यसले सबै क्षेत्रको एकैपटक बजारीकरण गरिरहेको छ।'

## Sandhikharka Municipality

Office of Municipal Executive

Sandhikharka, Arghakhanchi

## Invitation for Electronic Bids

Date of publication: 2081/8/27 (12thDecember, 2024)

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| SQ/SM/B/P/17/2081/82 | Dhara Maidan Dhara Nepali Tolama Nagdevi Temple Construction ward No.11 | 8,18,346.03 | 1,000.00 | 27,000.00 | 75 Days | 27thDec. 2024. 12:00 Noon. | 27th Dec2024. 12:30 PM |
| NCB/SM/B/P/18/2081/82 | Beltari, Malika, Pokhedanda, Paryatakiya Park Tatha Mandir Construction Project Ward No.10 | 31,61,358.40 | 3,000.00 | 97,000.00 | 120 days | 12th Jan.2024. 12:00 Noon | 12th Jan.2024. 12:30 PM |

**Information to deposit the cost in the Bank:**

- Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
- Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

Chief Administrative Officer

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-८, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com